Downloaded From : http://cbseportal.com/

# SAMPLE QUESTION PAPER-2020

NEPALI

CLASS-XII

CODE: 024

*MAX. MARKS-80*
*TIME: 3HRS*

## खण्ड क (व्याकरण)

१.क. क अ, इ, उ, ऋ अनि यिनीका मात्रा जोड़िएका व्यञ्जन वर्णलाई.......... भनिन्छ। **(1)**

ख. कमल झैं कोमल मुख। यहाँ कुन-कुन शब्द उपमेय र उपमान हुन्? **(1)**

ग. अलंकार भनेको साहित्यको के हो? **(1)**

घ. अतिशयोक्ति अलंकारको एउटा उदाहरण लेख्नुहोस्। **(2)**

ङ. शिखरिणी वा तोटक छन्दको उदाहरणसहित गण संकेत चिन्ह लेख्नुहोस्। **(3)**

## खण्ड ख (लेखाइ एवं रचना कौशल)

**2.**कुनै एक विषयमा लगभग 150 शब्दहरूको चाखलाग्दो निबन्ध लेख्नुहोस्। **(5)**

क. स्वच्छ भारत अभियान।

ख. निःशुल्क प्राथमिक शिक्षाः मौलिक अधिकार।

ग. बालश्रम

३. आफ्नो आधार कार्ड र जन्म प्रमाण पत्र हराएकोले छेवैको प्रहरी चौकीका प्रभारीलाई हराएको प्राथमिकी सूचना दर्ता गराउंदै एउटा निवेदन पत्र लेख्नुहोस्। **(5)**

## खण्ड ग (साहित्य)

४. क. "त्यो सम्झनू जुन यथार्थ छ, त्यो गर्नू जुन आदर्श छ।"

अ. उक्त गद्यांशको पाठ र लेखकको नाम लेख्नुहोस्। **(1)**

आ. उक्त गद्यांश कसले कसलाई कुन सन्दर्भमा भनेको हो? **(2)**

इ. यहाँ के भन्न खोजिएको छ? **(2)**

ख कुखुरी.........ऽऽऽ... काँ भाले बास्यो, कथामा आमालाई अबोध बालकले सोधेका प्रश्नहरूको उत्तर दिन किन धेरै सोच्नु पर्थ्यो? **(2)**

ग. कसको कुन वाक्यले रनेको कचमचिएको आशा झन् रमरमिएर उठ्यो?

**अथवा**

माछाको मोल कथाद्वारा कथाकारले मानिसको कस्तो मनोभाव प्रष्ट पार्न चाहेका छन्? पाठको उदाहरण दिएर खुलस्त पार्नुहोस्। **(3)**

५. क. लक्ष्मीप्रसाद देवकोटाले किन यही अंग्रेजीमा नून छ, यही केटाकेटीका मुखमा पापा-चीची छ भनेका हुन्? **(3)**

घ. विपनामा सम्भव नमानिने कुरा सपनामा सम्भव हुने रहेछ भन्दै लेखकले दिएको नारदको दृष्टान्त लेख्नुहोस्। **(3)**

ग. डा. फ्लक्स किन टाइम मसिन बनाउऩ चाहन्थे? यस कार्यबाट के समस्या खड़ा भयो? **(2+2=4)**

Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From : http://cbseportal.com/

६. क. वसन्त र शिशिर ऋतुमा के अन्तर छ? (5)

ख. सप्रसंग व्याख्या गर्नुहोस्- (5)

ठण्डीको डरले सेतो मण्डलीमा नै गुटूमुटू
नीदले पृथिवी देवी बनी छन् कि लुटूपुटू

**७. क. बन्दिनी नाटकमा नाटककारले कस्तो समाजको वर्णन गरेका छन्?** (3)

ख. रामकृष्ण शर्माले किन नाटकको सफलता र असफलताको लेखाजोखा नाटक मञ्चनपछि मात्र हुन्छ भनेका हुन?

**अथवा**

'नाटक' शब्दको उत्पति कसरी भएको हो? (3)

ग. दान र योगदान भन्नाले के बुझिन्छ 'दान-योगदान' एकांकीका आधारमा बुझाउनुहोस्। (4)

८. क. उपन्यासको कुन मोड़मा पुगेर मालिनीलाई जसेको याद आयो? (2)

ख. मालिनीले राघे बिरालोको पञ्जाबाट पुतली भागेको दृश्यले के गर्ने हिम्मत पाई? (3)

ग. जसेले हट्टा बाहिर हुने सजाय पाउनु कतिसम्म ठीक थियो वा थिएन आफ्नो मन्तव्य लेख्नुहोस्। (5)

९. क. तल दिइएका कुन-कुन कृतिहरू लेखनाथ पौड़याल र रामकृष्ण शर्माका हुन् छुट्याएर लेख्नुहोस्।

**ऋतुविचार, दश गोर्खा, तरूण तपसी, बलिदान भावालु मेरो मन, गंगा-गौरी।** (3)

ख. पिञ्जराको सुगा कसको रचना हो? यस कवितामा नेपालको शासनको इतिहासमा के महत्व लुकेको छ? (1+3=4)

१०. क. नेपाली भाषाको प्राचीन रूपको नमूना कुन अवधिको ताम्रपत्रमा पाइन्छ? (1)

ख. नेपाली भाषामा कपिएको पहिलो लेखोट कुन राजाको पालामा लेखिएको थियो। (1)

ग. नेपाली भाषा कुन परिवारमा पर्छ? (1)

घ. 'तीन घुम्ती' र 'लगन' उपन्यासका उपन्यासकार को-को हुन्? (2)

Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE